# स्थानीय राजपत्र

## सुनकोशी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-९ सङ्ख्या-१ सुनकोशी स्थानीय राजपत्र प्रकाशित मिति २०८२/०३/०८

## भाग-२

**सुनकोशी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालयको सूचना**

नेपालको संविधान बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### एकल महिला जिविकोपार्जन तथा उद्यमशीलता विकास कार्यक्रम (सञ्चालन) कार्यविधि, २०८२

उद्यमी व्यवसाय गर्न चाहने एकल महिलालाई क्षमता र योग्यताको आधारमा उनीहरुको आवश्यकता र चाहना बमोजिमको उद्यमी व्यवसायी बनाउने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (११) ले दिएको अधिकार प्रयोग गरी सुनकोशी गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यो कार्यविधिको नाम **"एकल महिला जिविकोपार्जन तथा उद्यमशीलता विकास कार्यक्रम (सञ्चालन) कार्यविधि २०८२"** रहेको छ।

(२) यो कार्यविधि सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागु हुनेछ।

२. **परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"एकल महिला"** भन्नाले उद्यम व्यवसाय गर्न चाहने देहायका महिला सम्झनुपर्नेछ ।

१) विवाह नभएको हकमा ६० वर्ष पुरा भएको ।

२) श्रीमानबाट अलग भएको (अंश लिएको वा सम्बन्ध विच्छेद भएको) ।

३) श्रीमानको मृत्यु भई अर्को विवाह नगरेको ।

ख) **"एकल महिला समूह गठन"** भन्नाले पति वियोग, सम्बन्ध बिच्छेद, अविवाहित, छुट्टिएको, वा पतिको साथ नपाएकी महिलाहरुलाई संगठित गरेर एउटा समूह निर्माण गर्ने प्रक्रिया वा अभियानलाई बुझ्नुपर्दछ ।

ग) **"जीविकोपार्जन"** भन्नाले जीवन धान्नका लागि गरिने काम पेसा, वा कमाइलाई बुझ्नुपर्छ।

घ) **"उद्यमशीलता विकास"** भन्नाले एकल महिलाहरुलाई नयाँ व्यापार, व्यवसाय(उद्यम) सुरु गर्न, सञ्चालन गर्न र सफल बनाउने क्षमतामा सुधार ल्याउने प्रक्रिया वा कार्यक्रमलाई सम्झनुपर्छ ।

ङ) **"कार्यक्रम"** भन्नाले जिविकोपार्जन तथा उद्यमशिलता विकास कार्यक्रम सम्झनुपर्दछ ।

च) **"गाउँपालिका"** भन्नाले सुनकोशी गाउँपालिका सम्झनुपर्दछ ।

छ) **"बीउपुँजी"** भन्नाले व्यवसाय स्थापना, सञ्चलान र स्तरोन्नति गर्नका लागि गाउँपालिकाले शन्य व्याजदरमा एकल महिला समूहलाई उपलब्ध रकम सम्झनुपर्दछ ।

ज) “**समिति**” भन्नाले यस कार्यविधिको दफा (५) उपदफा (१) को बमोजिमको गठित पदाधिकारी तथा सदस्यहरु सम्मिलित कार्यसमितिलाई जनाउँदछ ।

झ) **"लक्षित समूह"** भन्नाले एकल महिला समूहलाई सम्झनुपर्दछ।

## परिच्छेद-२
## उद्देश्य

**३. कार्यक्रमको उद्देश्यः (१)** कार्यक्रमको उद्देश्य देहायबमोजिमको रहेको छ।

क) एकल महिलालाई विभिन व्यवसाय (पशु पालन, कृषि आदि) बाट आत्मनिर्भर उद्यमी व्यवसायी बनाउने ।

ख) सीप, ज्ञान र उद्यमशील क्षमता विकास गरी आयआर्जनका अवसर सिर्जना गर्ने।

ग) सामाजिक-आर्थिक सशक्तीकरणमार्फत आत्मविश्वास र नेतृत्व क्षमता बढाउने ।

घ) जोखिममा रहेका एकल महिलाहरुको जीविकोपार्जन सुरक्षामा योग्दान गर्ने।

ङ) एकल महिला जीविकोपार्जन तथा उद्यमशिलता विकास कार्यक्रम शीर्षकमा विनियोजित बजेट सबै एकल महिला समूहलाई बीउ पूँजी रकमको रुपमा उपलब्ध गराउने।

४. **वडास्तरीय एकल महिला समूह गठनः** (१) वडा भित्र प्रत्येक एकल महिला समूह सञ्चालनको समितिको अध्यक्ष रहेको एक वडास्तरीय एकल महिला समूह सञ्चालन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको एकल महिला समूह सञ्चालन समितिमा सहमतिका आधारमा अध्यक्ष तथा सदस्यहरु रहनेछ ।

५. **वडास्तरीय एकल महिला समूह सञ्चालन समितिको काम तथा कर्तव्यः** (१) महिला हित हुने खालको कार्यक्रम तथा योजना माग गर्ने तथा विकास निर्माणमा वडा समितिप्रति समन्वयकारी सहजकारी भूमिका निर्वाह गर्नेछन् ।

(२) वडाका प्रत्येक टोलहरुमा रहेका सवालहरु विकृतिहरु तथा विसंगतिका विषयहरुमा छलफल गरी निवारणको लागि वडा समक्ष सुझाव तथा सल्लाह दिने ।

६. **गाउँपालिकास्तरीय एकल महिला सञ्चालन समित गठनः** (१) वडास्तरीय एकल महिला समूह गठन भइसकेको हकमा देहायबमोजिमको पालिकास्तरीय एकल महिला समूह गठन गर्न सकिनेछन् ।

(क) अध्यक्षः एक जना
(ख) उपाध्यक्षः एक जना
(ग) सचिवः एक जना
(घ) सहसचिवः एक जना
(ङ) कोषाध्यक्षः एक जना
(च) सदस्यः एक जना
जम्मा सदस्य सङख्याः एघार जना

७. **एकल महिला समूह दर्ता सम्बन्धी व्यवस्थाः** (१) एकल महिला समूह गठन भईसकेपश्चात गाउँपालिकाको कार्यालयमा दर्ता गर्नुपर्नेछ ।

(२) दर्ता हुनका लागि एकल महिला समूहको प्रमाणित विधान, समूहको निर्णयको प्रतिलिपि र प्रत्येक पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि सहित अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(३) कार्यालयले प्राप्त निवदेनको आधारमा एकल महिला समूह दर्ता गरी अभिलेख खातामा अभिलेख राख्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम दर्ता भएको एकल महिला समूहलाई अनुसूची-२ बमोजिम एकल महिला समूह दर्ता प्रमाणपत्र उपलब्ध गराउनुपर्नेछ ।

८. **दर्ता गर्ने अधिकारीः** (१) यस कार्यविधि अन्तर्गत दर्ता गर्न अधिकारीले गर्नुपर्ने कार्यहरु गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

## परिच्छेद-३
## बीउ पूँजी

९. **बीउ पूँजी परिचालनः** (१) बीउ पुँजी परिचालनको लागि एकल महिला समूहको अध्यक्ष, सचिव र कोषाअध्यक्षको संयुक्त दस्तखतबाट बैंक खाता खोली अध्यक्षको अनिवार्य दस्तखत र कोषाअध्यक्ष र सचिवमध्य कुनै एक जनाको बैकल्पिक दस्तखतबाट आर्थिक कारोबार सञ्चान गर्न सकिनेछ ।

(२) वडास्तरीय एकल महिला समूहको बैंक खाता खोलिसके पश्चात कार्यालय प्रमुखको सिफारिसमा बीउपूँजी रकम समूहको खातामा ट्रान्सफर गरिनेछ।

(३) वडास्तरीय एकल महिला समूहले बिउपूँजी रकम सम्बन्धित एकल महिला समूहका सदस्यहरुलाई जिविकोपार्जन तथा उद्यमविकास कार्यक्रमको लागि अधिकतम १ बर्षको समयावधि राखी ऋण पूँजीको रुपमा उपलब्ध गराउनुपर्नेछ ।

(४) उपदफा (२) बमजोजिम एकल महिला समूहलाई बीउँपूँजी रकम प्रदान गर्दा अनुसूची-३ बमोजिम सम्झौता गरी दिनुपर्नेछ।

१०. बीउ पूँजीको उद्देश्यः (१) बीउ पूँजीको उद्देश्य देहाय बमोजिम रहेको छ ।

क) एकल महिलाहरुको सामाजिक तथा आर्थिक जीवनस्तरमा सुधार गर्ने ।

ख) व्यवसायिक क्षेत्रमा आबद्ध गरी महिलाहरुलाई आत्मनिर्भर बनाउने ।

ग) महिला सशक्तिकरण गर्ने ।

११. **बीउपूँजी परिचालन समितको गठनः** (१) बीउपूँजी परिचालन समित भन्नाले गाउँपालिकाले कार्यक्रम सञ्चलानको लागि बिनियोजन बजेटलाई बीउपूँजीको रुपमा परिचालन गर्न गठन गरिएको देहायबमोजिको समित बुझ्नुपर्छ ।

(क) गाउँपालिका उपाध्यक्षः संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृतः सदस्य

(ग) सामाजिक तथा आर्थिक विकास शाखा प्रमुखः सदस्य

(घ) महिला, बालबालिका तथा समाज कल्याण उपशाखाः सदस्य सचिव

(२) कार्यक्रम सञ्चालन भएको स्थानीय तहका प्रमुख दफा (९) को उपदफा (१) बमोजिमको समितको संरक्षक हुनेछ ।

१२. **बीउ पूँजी परिचालन समितको काम कर्तव्य र अधिकारः** (१) बीउ पुँजी परिचालन समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम रहेको छ।

क) बीउ पूँजी सदुपयोग भए नभएको अनुगमन गर्ने

ख) बीउ पूँजी कार्यान्वयनमा सहजीकरण गर्ने

ग) कार्यक्रम सञ्चालनको क्रममा आईपरेका बाधा अड्चन फुकाउने ।

घ) कार्यक्रम सम्पन्न भएपश्चात एकल महिलाहरुको सामाजिक तथा आर्थिक जीवनस्तरमा सुधार भए नभएको जानकारी लिई अभिलेख राख्ने ।

ङ) व्यवसाय सञ्चालन गर्न समूहमा उपलब्ध गराएको रकमको सही भए नभएको अनुगमन गर्ने।

**१३. बीउपूँजीको अधिकतम सीमा:** (१) बीउपूँजीको अधिकतम सीमा अवधि सम्झौता मितिदेखि पाँच वर्षसम्मको हुनेछ ।

**१४. बीउपूँजी फिर्ता गर्नुपर्ने:** (१) देहाय मध्ये कुनै एक अवस्थामा लाभग्राहीले बीउ पुँजी रकम फिर्ता गर्नुपर्नेछ ।

क) सम्झौता अवधि समाप्त भएमा

ख) कार्यसम्पादन सन्तोषजनक नभएमा ।

ग) बीउ पूँजी परिचालन समित समेतका सिफारिसमा बिउपूँजी परिचालन समितले निर्णय गरेमा ।

(२) उपदफा (१) बमोजिम लाभग्राहीले बीउ पुँजी कोषमा फिर्ता नगरेमा उक्त रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

**अनुसूची-१**

**(दफा ७ को उपदफा २ सँग सम्बन्धित)**

**समूहको दर्ताको लागि निवेदन पत्रको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
सुनकोशी गाउँपालिका, मुलखर्क, ओखलढुङ्गा ।

**विषयः समूह दर्ता गरी पाउँ ।**

श्री..........................................................सहयोगमा हामी आफै सङ्गठित भई ..................................गाउँपालिकामा गठन भएको हाम्रो समूह दर्ता गरी पाउन निम्न विवरणहरु संलग्न गरी नेपाली नागरिकताको प्रतिलिपि सहित यो निवदन पेश गरेका छौं ।

**संलग्न कागजातहरुः**

- समूह गठन भेलाको निर्णयको प्रतिलिपि
- अनुसूची-१ बमोजिमको निवेदन ।
- प्रमाणित भएको समूहको विधान दुई प्रति ।
- समूहको कार्यसमितिको पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि ।

..................................

समूहको अध्यक्षको दस्तखतसमूहको विवरणः

समूहको नामः

स्थापना बर्षः

सदस्य सङख्याः

पदाधिकारीहरुको नामः

| क्र.स. | नाम थर | पद | उमेर | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| | | अध्यक्ष | | | |
| | | उपाध्यक्ष | | | |
| | | सचिव | | | |
| | | कोषाध्यक्ष | | | |
| | | सदस्य | | | |
| | | सदस्य | | | |
| | | सदस्य | | | |
| | | सदस्य | | | |

अनुसूची-२

(दफा ७ को उपदफा ४ सँग सम्बन्धित)

**समूह दर्ता प्रमाणपत्र**

**संस्था दर्ता प्रमाण-पत्र**

## सुनकोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय,

## मुलखर्क, ओखलढुङ्गा, कोशी प्रदेश, नेपाल

# समूह दर्ता प्रमाण पत्र

संस्था दर्ता नं.: ..................

श्री अध्यक्ष/सचिव,

............................................................।

.................................................................... समूहलाई सुनकोशी गाउँपालिकाको **एकल महिला जिविकोपार्जन तथा उद्यमशीलता विकास कार्यक्रम (सञ्चालन) कार्यविधि, २०८२** बमोजिम ..................... साल ................... महिना ................. गतेमा यस बमोजिम कार्यालयमा दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

**दर्ता गर्ने अधिकृतको:-**

हस्ताक्षरः

नाम, थरः

पदः

मितिः

**अनुसूची-३**

**(दफा ९ को उपदफा ४ सँग सम्बन्धित)**

## सम्झौताको ढाँचा

## सम्झौता पत्र

आज मिति....................गतेका दिन...................मा श्री.....................गा.पा. ("यसपछि" पालिका भनिएको) र एकल महिला समूह ("यसपछि"समूह) भनिएको बीच सुनकोशी गाउँपालिकाबाट स्वीकृत गरिएको एकल महिला जिविकोपार्जन तथा उद्यमशिलता विकास कार्यक्रम (सञ्चालन) कार्यविधि, २०८२ ("यसपछि" कार्यविधि) बमोजिम तपसिलका शर्तहरुको अधिनमा रही...............जिल्लाको .............पालिकाको वडा नं......मा...........................................

उद्यम व्यवसाय सञ्चालन गर्न मञ्जुर भई यो सम्झौता गरी एक एक प्रति आपसमा बुझिलियौं/दियौं।

**सम्झौताका शर्तहरु:**

१. समूहले कार्यविधि बमोजिम.............................पालिका वडा नं...........लाई मुख्य कार्यक्षेत्र बनाई उद्यम/व्यवसाय सञ्चालन गर्न समूहमा आबद्ध सदस्यहरुमा घुम्तीकोषको रुपमा बीउ पुँजी परिचालन गर्ने छ ।

२. उल्लिखित बमोजिमको व्यवसाय सञ्चालन गर्न समूहलाई पालिकाले रु. ...................रकम एकल महिला समूहको बैंक खातामा उपलब्ध गराउनेछ ।

३. समूहले सञ्चालन गरेको उद्यम/व्यवसाय प्रत्यक्ष रुपमा गाउँपालिकाको अनुगमनमा सञ्चालन हुनेछ ।

४. व्यवसाय सञ्चालन गर्नका लागि सामूहिक वा आवश्यकताअनुसार एकल वा उपसमूह बनाई सञ्चालन गर्न सम्बन्धमा गाउँपालिकासँग समन्वय गरी समूहको नियमानुसार गर्नुपर्नेछ।समूहले उक्त निर्णयको प्रतिलिपि गाउँपालिकामा पठाउनेछ ।

५. यो सम्झौताको अवधि दुवै पक्षले सम्झौता पत्रमा हस्ताक्षर गरेको मितिबाट प्रारम्भ हुनेछ।

६. यो सम्झौमा लेखिएका कुरा यसै बमोजिम तथा अन्य कुराहरु कार्यविधि तथा प्रचलित कानून बमोजिम हुनेछ।यो कार्यक्रम सञ्चालन गर्नका लागि हामी दुवै पक्ष सहमत छौ र यस सम्झौतामा लेखिएका शर्तहरुको पालना दुवै पक्षबाट जिम्मेवारीपूर्वक गर्नेछौ भनी सही छाँप गर्न तयार छौ।

| **समूहको तर्फबाट** | गाउँ**पालिकाको तर्फबाट** |
|---|---|
| नाम थर: | नाम थर: |
| पद: | पद: |
| हस्ताक्षर: | हस्ताक्षर: |
| मिति: | मिति: |

प्रमाणीकरण मितिः २०८२/०३/०८

आज्ञाले,
राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत